## नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रशासन सेवा, आ.प्र. समूह, लेखा उपसमूह, नवौ तह, प्रवन्धक पदको
नमूना प्रश्नपत्र

**पत्र : प्रथम**
**समय : ३ घण्टा**

**विषय : प्रशासन र व्यवस्थापन** **पूर्णाङ्क १००**

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |

### खण्ड क ५० अङ्क

१. सार्वजनिक व्यवस्थापनको नवीनतम अवधारणा (New Concept) को बारेमा लेख्नुहोस । नेपाल नागरिक उड्डयन प्राधिकरणमा यसको प्रयोग कुन हदसम्म भएको पाउनु भएको छ ? उल्लेख गर्नुहोस् ।५+५ =१०

२. विमानस्थल व्यवस्थापनको लागि के कस्ता अवधारणाहरु विकसित भएका छन् ? विमानस्थलको प्रभावकारी व्यवस्थापनका लागि ध्यान दिनुपर्ने प्रमुख पक्षहरुको विवेचना गर्नुहोस् । १०+१०=२०

३. नेपालका ट्रेड युनियनहरु पेशागत हकहित भन्दा बाहिर गई परिचालित भई राखेका, यसबाट प्रशासनको सर्वमान्य मूल्य र मान्यता ह्रास हुँदै गएको आलोचना भईरहेको सन्दर्भमा देहायका बुँदाहरुमा आधारित रही समस्याको समाधान गर्नुहोस । २०

क) ट्रेड युनियन र सामूहिक सौदाबाजीका उद्देश्यहरु के के हुन ? के नेपालमा ट्रेड युनियनहरु पेशागत हकहितका लागि परिचालित भई सामूहिक सौदाबाजी गरी राखेका छन् ?

ख) ट्रेड युनियन र सामूहिक सौदावाजीको अधिकार प्रदान गरे पश्चात नेपालका सार्वजनिक संस्थानहरुको कार्य उपलब्धिमा कस्तो प्रभाव परेको छ ?

ग) ट्रेड युनियन र सामूहिक सौदाबाजीको अधिकारबाट नेपाल नागरिक उड्डयन प्राधिकरणमा के-कस्ता प्रभावहरु परेका छन् ?

घ) ट्रेड युनियन र सामूहिक सौदावाजीको अधिकार प्रदान गर्दै संगठनको उद्देश्य प्राप्तिमा सकारात्मक योगदान पुऱ्याई पेशागत हकहितको सम्बर्द्धन गराउन के-कस्ता उपायहरु अवलम्बन गर्नु उपयुक्त हुन्छ ?

### खण्ड ख ५० अङ्क

४. नेपालले दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रक्रियामा आउन सक्ने चुनौती र यसको सामना गर्न अवलम्बन गर्नुपर्ने उपायहरु वर्णन गर्नुहोस् । १०

५. सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा बजेट तर्जुमाको सिद्धान्त, मान्यता (Norms) र प्रक्रियाले धेरै फड्को मारिसकेको भएता पनी नेपाल जस्ता कम विकसित अर्थतन्त्र भएको मुलुकमा बजेट तर्जुमा र कार्यान्वयन बीचको खाडल पुरिदै गएको आभास हुदैन । बजेट तर्जुमा गर्दा अवास्तविक अपेक्षा एवं राजनीतिक स्वार्थ र क्षणिक लोकप्रियाताबाट प्रेरित तथा प्रभावित हुनुका साथै तथ्य, प्रमाण र अनुभवमा कम आधारित हुने गरेका कारण यसको कार्यान्वयनसंग समवद्ध निकायहरु उदासीन, अप्रतिवद्ध एवं गैर जवाफदेही हुने गरेका देखिन्छ । नेपाल संघीय शासन प्रणालीमा गइसकेको परिप्रेक्ष्यमा प्रदेश र स्थानीय सरकारका लागि समेत राष्ट्रिय  प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा स्वीकृत मापदण्डका आधारमा अनुदान उपलव्ध गराउनुपर्ने सन्दर्भमा समेत बजेट तर्जुमा कार्य झन् चुनौतीपूर्ण बन्ने चर्चा छ । यस परिप्रेक्ष्यमा, बजेट तर्जुमा र कार्यान्वयनका मुख्य मुख्य समस्याहरु केलाई तिनको पहिचान, प्राथमिकीकरण र उपचारका उपायहरुलाई सिलसिलावद्ध ढंगबाट उल्लेख गर्दै कार्यान्वयन योग्य कार्य योजनासमेत प्रस्तुत गर्नुहोस् । २०

६. सदाचारिता र नैतिकता राष्ट्रसेवक कर्मचारीका गहना हुन् । यिनको विचलनमा भ्रष्टाचारजन्य क्रियाकलापले मौलाउने अवसर पाउँछन् । पछिल्लो चरणमा राष्ट्रसेवक कर्मचारीमा सदाचारिता र नैतिकता हराउँदै गएकोले भ्रष्टाचारजन्य क्रियाकलाप बढ्दै गएको विभिन्न अध्ययन तथा सर्वेक्षणले देखाएका छन् । राष्ट्रसेवक कर्मचारीहरुमा सदाचारिता र नैतिकता हराउँदै जानु र भ्रष्टाचार बढ्दै जानुका कारणहरु उल्लेख गर्दै कार्यसम्पादनमा जवाफदेहहीता र पाददर्शिता ल्याउन र भ्रष्टाचार नियन्त्रण गर्न कस्तो कदम चाल्नुपर्ला ? आफ्ना मौलिक सुझावहरु प्रस्तुत गर्नुहोस् । ६+६+८=२०

**समाप्त**

## नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रशासन सेवा, आ.प्र. समूह, लेखा उपसमूह, नवौ तह, प्रवन्धक पदको

नमूना प्रश्नपत्र

**पत्र : द्वितीय**

**समय : ३ घण्टा**

**विषय : सेवा सम्बन्धी** **पूर्णाङ्क १००**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड क** **५० अङ्क**

१. लेखापरीक्षण सम्पन्न हुनुअघि तर वासलात (Balance Sheet) को मितिपछि घटेको महत्वपूर्ण आर्थिक कारोवारको घटनालाई अघिल्लो आर्थिक वर्षका वासलात (Balance Sheet) मा किन र कसरी खुलाउनुपर्ने हुन्छ ? प्रष्ट पार्नुहोस् । ५+५=१०

२. Dupont Analysis भनेको के हो, फर्मको वित्तीय कार्यसम्पादन स्थिति पहिचान र विश्लेषणमा यो किन उपयोगी मानिन्छ ? Profit Margin, Assets Turnover र Liverage Factors द्वारा सम्पत्तिमा प्रतिफल (Return on Assets) र लगानीमा प्रतिफल (Return on Equity) कसरी प्रभावित हुन्छ ? उदाहरण सहित व्याख्या गर्नुहोस् । ५+७+८=२०

३. आर्थिक नीति भन्नाले के बुझिन्छ ? सरकारले आर्थिक नीति तर्जुमा गर्दा कुन कुन पक्षलाई ध्यान दिनुपर्छ ? चर्चा गर्नुहोस् । “व्यावहारिक, समयानुकूल र बैज्ञानिक ढाँचाको आर्थिक नीतिको कारणले नै देशले विकासको फड्को मार्छ”भन्ने भनाईलाई पुष्टि गर्नुहोस् । ५+७+८=२०

**खण्ड ख** **५० अङ्क**

४. ह्रासकट्टि भन्नाले के बुझिन्छ ? यसका तरिकाहरु के के हुन् ? ती मध्ये Annuity System of Depreciation भन्नाले के बुझिन्छ ? स्पष्ट पार्नुहोस् । ५+५=१०

५. लेखापालन कार्य निश्चित सिद्धान्तहरु, नीतिहरु र विधिहरुबाट निर्देशित हुन्छ । यद्यपि लेखापालनको दौरानमा तमाम सैद्धान्तिक र प्रकृयागत समस्याहरु भोग्नु परेको देखिन्छ । लेखापालनमा देखापर्ने प्रमुख सैद्धान्तिक एवं प्रकृयागत समस्याहरु बारे विश्लेषणात्मक चर्चा गर्दै ती समस्याहरु समाधानका लागि उपयुक्त उपायहरु तार्किक रुपमा प्रस्तुति गर्नुहोस् । १०+१०=२०

६. नेपाली आकाशमा राष्ट्रिय एवं विदेशी हवाई कम्पनीहरुबाट दैनिक अत्याधिक उडानहरु हुने गर्दछन् । हवाई सेवाको बढ्दो पहुँचले धेरै यात्रुहरुलाई सेवा पुग्नुको साथै नेपालको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगेको छ । एकातिर राजधानीमा आन्तरिक र वाहय सेवा दिने एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय

विमानस्थलको सिमित क्षमताको कारणले प्रायः सबै विमानहरु घण्टौ सम्म आकाशमै घुमीरहनुपर्ने अवस्था छ भने अर्को तर्फ नेपाली आकाश अझै पनि सुरक्षित हुन नसकेको तथ्य वर्षेनी हुने विमान दुर्घटनाबाट प्रष्ट हुन्छ । वर्षेनी विमान दुर्घटना हुने कारण देखाई विदेशी पूर्नवीमा कम्पनीहरुले नेपालबाट हवाई बीमा जोखिम लिन हिचकिचाएको देखिन्छ भने युरोपियन युनियनले नेपालको हवाई उड्डयनलाई समय समयमा कालो सूचिमा समेत राख्दै आएको छ। यस अवस्थामा,

क) हवाई ट्राफिक समस्याबाट सिर्जना हुने दृश्य तथा अदृश्य हानी नोक्सानी (Tangible and Intangible loss) को लेखाजोखा गर्नुहोस् । यसको समाधानका उपायहरु पहिचान गर्नुहोस् । १०

ख) नेपाली हवाई यातायातलाई भरपर्दो र सुरक्षित बनाउन के-कस्ता कदमहरु चाल्नुपर्ला ? ठोस सुझाबहरु दिनुहोस् । १०